मिति :२०७९/१०/२३ का.पा. बैठक सं. १५

प्रस्तावहरु

१. योजना अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्वन्धमा ।
२. गाउँपालिकाको जग्गा व्यवस्थापन सम्वन्धमा ।
३. किसान सूचिकरण कार्यक्रम सम्बन्धमा ।
४. आर्थिक सहयोग सम्बन्धमा।
५. निर्देशिका उपर छलफल एवम स्वीकृती सम्बन्धमा ।
६. विविध ।

निर्णयहरु:-

१. योजना अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्वन्धमा ।

यस गाउँपालिकाबाट संचालित विभिन्न पूर्वाधारजन्य योजनाहरुको भौतिक, आर्थिक, मानवीय, प्राविधिक र उपलब्ध श्रोत साधनको परिचालन र उपयोग समुचित ढंगले भएको छ/छैन भनि अनुगमन गर्न **स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)** को दफा ६.२.१ बमोजिम देहायको योजना अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने ।

सुनिता चौधरी – संयोजक (गाउँपालिका उपाध्यक्ष)
शित्तल जि.टि – सदस्य
चन्द्रभावती लोध –सदस्य
प्रमुख प्रशासकीय अधिकृत – सदस्य
योजना शाखा प्रमुख – सदस्य सचिव

२. गाउँपालिकाको जग्गा व्यवस्थापन सम्वन्धमा ।

क) मिति २०७९/१०/१७ गते गाउँकार्यपालिका बैठकबाट गाउँपालिकाको लागि जग्गा व्यवस्थापन गर्न गठित समितिमा यस गाउँपालिकाका कानूनी सल्लाहकार पंकज कुमार पाण्डेलाई सदस्यका रुपमा समावेश गर्ने ।

ख) जिल्ला रुपन्देही साविक हा. फर्साटिकर गा.वि.स. वडा नं. ४ स्थित हाल यस गाउँपालिकाको कार्यालय रहेको जग्गा विषयमा वादी तुलसी देवी खाती समेतले सो जग्गाको खिचलो मेटाई टहरा भत्काई चलन चलाई पाउँ भनि जिल्ला रुपन्देही ओमसतिया गाउँपालिकाको कार्यालयलाई प्रतिवादी वनाई मुद्दा दायर गरेकोमा सम्मानित जिल्ला अदालतबाट प्रतिउतरपत्र र कानून बमोजिम आफ्नो लिखित प्रमाण समेत पेश गर्नका लागि बाटोको म्याद बाहेक २१ दिने म्याद सहितको पत्र प्राप्त भएको व्यहोरा गाउँकार्यपालिकालाई जानकारी भयो ।सो सम्बन्धमा प्रमाण जुटाई प्रतिरक्षा गर्न मिति २०७९/१०/१७ गते गाउँकार्यपालिका बैठकबाट गठित जग्गा व्यवस्थापन समितिले अग्रसरता लिने ।उक्त मुद्दाको प्रत्युत्तर, वकालत, वहस, पैरवी प्रतिरक्षा लगायतका कार्यहरु गर्नका लागि यस गाउँपालिकाका कानूनी सल्लाहकार पंकज कुमार पाण्डेलाई जिम्मेवारी तोक्ने ।

३. किसान सूचिकरण कार्यक्रम सम्बन्धमा ।

संघीय सशर्त कार्यक्रम अन्तर्गत किसान सूचिकरण कार्यक्रमका लागि चालु आ.व. मा रु.३ लाख बजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम पहिलो चरणमा वडा नं. ३ बाट संचालन गर्ने ।

सागर गौतम

मिति :२०७९/१०/२३ का.पा. बैठक सं. १७

४. आर्थिक सहायता सम्बन्धमा ।

- नवयुवा खेलकुद तथा साँस्कृतिक परिवार ओमसतिया गा.पा.-१ ठूटीपिपल, रुपन्देहीद्वारा मिति २०७९/१०/२३ गते देखि संचालन हुने १० औ नवयुवा कप खुला नकआउट फुटवल, २०७९ संचालनका लागि सहयोग माग गर्दै गाउँपालिकामा पेश भएको प्रस्तावना स्वीकृत गरि खर्च शिर्षक नं. २५३१५ (४३.१) विभिन्न खेलकुद प्रतियोगिता शिर्षकबाट रु. २ लाख आर्थिक सहायता उपलब्ध गराउने ।
- युथक्लव अफ पड्सरी, ओमसतिया गाउँपालिका वडा नं. २ लाई खेलकुद कार्यक्रम सञ्चालनका लागि रु. ३५ हजार रकम आर्थिक सहायता उपलब्ध गराउने ।

५. निर्देशिका उपर छलफल एवम स्वीकृती सम्बन्धमा ।

- यस गाउँपालिकाका लागि निर्मित ओमसतिया गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०७९ माथि व्यापक छलफल गरि आवश्यक परिमार्जन सहित पारित गरियो ।
- यस गाउँपालिकाको लागि आवश्यक सहकारी संस्थाको अनुगमन तथा नियमन सम्बन्धी कार्यविधी, २०७९ को मस्यौदा कार्यपालिका बैठकमा पेश भयो र सो निर्देशिका उपर छलफल गरियो । आवश्यक गृहकार्य सहित स्वीकृतिका लागि अर्को गाउँकार्यपालिका बैठकमा पेश गर्ने ।

६. विविध ।

कालिका स्वालम्बन सामाजिक केन्द्र कपिलवस्तु र शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीको प्राविधिक तथा आर्थिक सहयोग तथा शिक्षा शाखाको समन्वयमा तयार पारिएको **ओमसतिया गाउँपालिका विधालय विपत जोखिम न्युनिकरण र प्रतिकार्य योजना** माथि छलफल गरि आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने ।

**सागर गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष